**आकाशवाणी समाचार- नेपाली**

**मितिः १५ जनवरी २०२६**

**समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)**

**मुख्य समाचार**

- मुख्यमंत्री ममता बनर्जी आगामी 16 जनवरीको दिन उत्तर बंगाल भ्रमणमा आउनु हुनेछ|
- कलकत्ता उच्च अदालतले आई-पैक को छापा मामिलामा प्रवर्तन निर्देशनालयको दाबीलाई स्वीकार गर्दै तृणमूल कांग्रेस (टीएमसी) को याचिका खारेज गरेको छ।
- पश्चिम बंगालको स्वास्थ्य विभाग अनुसार निपाह भाइरसबाट संक्रमित दुई जनाको अवस्थामा खासै सुधार आएको छैन।
- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले एक बिज्ञप्ति जारी गर्दै श्रम मन्त्रीलाई 58 वर्ष भन्दा माथिका चिया बगान श्रमिकहरूलाई पेन्सन लाभको अनुरोध गर्दै पत्राचार गरेको जानकारी गराउनु भएको छ।
- खर्साङमा अगामी १८ जनवरी, आइतबार देखि प्रतिष्ठित खर्साङ शहीद स्वर्ण कप प्रतियोगिता शुरू हुने भएको छ।

**उत्तर बंगाल आगमन मुख्यमन्त्री**

मुख्यमंत्री ममता बनर्जी आगामी 16 जनवरीको दिन उत्तर बंगाल भ्रमणमा आउनु हुनेछ| भ्रमण अवधि मुख्यमन्त्रीले सिलीगुड़ी नजिक माटीगाड़ामा प्रस्तावित महाकाल मंदिरको शिलान्यास गर्नु हुनेछ| उत्तर बंगालको धार्मिक परंपरा अनि पर्यटन मानचित्रलाई अझ समृद्ध बनाउने उद्देश्यले यस मंदिर निर्माणको पहल गरिएको हो।
मुख्यमंत्रीको यस भ्रमणलाई लिएर माटीगाड़ा अनि वरिपरीको क्षेत्रमा तयारी शुरु भएको छ। सुरक्षा व्यवस्थामा विशेष ध्यान दिइन्दै छ। माटीगाड़ामा प्रस्तावित महाकाल मंदिरलाई लिएर स्थानीयहरुमा धैरै उत्साह देखिएको छ। प्रशासनको तर्फबाट बताइएको छ, शिलान्यास कार्यक्रमलाई पूर्ण सम्मान अनि भव्यताका साथ आयोजित गरिनेछ। मुख्यमंत्रीको आगमनलाई ध्यानमा राख्दै माटीगाड़ा क्षेत्रमा कडा सुरक्षा व्यवस्था गरिंदै छ। उत्तर बंगाल विकास परिषद अनि स्थानीय प्रशासनका अधिकारीहरुले लगातार कार्यक्रम स्थलको निरीक्षण गरी तयारिको जायजा लिइ रहेका छन्| स्मरण रहोस् उत्तर बंगालमा धार्मिक पर्यटन अनि सांस्कृतिक विरासतलाई मजबूत गर्ने दिशामा महाकाल मंदिरको निर्माण एक महत्वपूर्ण कदम मानिएको छ। 16 जनवरीको यस कार्यक्रममा मुख्यमंत्री सहित राज्य सरकारका धैरै मंत्री अनि विशिष्ट अतिथिहरु उपस्थित रहने संभावना छ।

**ईडी टीएमसी**

कलकत्ता उच्च अदालतले इंडियन पॉलिटिकल एक्शन कमेटी (आई-पैक) को छापा मामिलामा प्रवर्तन निर्देशनालय (ईडी) को दाबीलाई स्वीकार गरेको छ र तृणमूल कांग्रेस (टीएमसी) को याचिका खारेज गरेको छ। न्यायाधीश सुब्रत घोषको एकल पीठले हिजो भनेको छ, जनवरी ८ मा साल्ट लेकको आई-पैक कार्यालय र मध्य कोलकातामा सह-संस्थापक प्रतीक जैनको निवासमा गरिएको छापामारीको क्रममा कुनै कागजात वा सामग्री जफत गरिएको थिएन। यससँगै अदालतले तृणमूल कांग्रेस (टीएमसी) द्वारा दायर याचिकालाई खारेज गर्यो, जसमा खोजीको क्रममा ईडीले पार्टीको गोप्य कागजातहरू जफत गरेको आरोप लगाएको थियो । टीएमसीले दाबी गरे अनुसार २०२० देखि आई-पैक पार्टीको चुनावी रणनीतिसँग जोडिएको छ र छापाको क्रममा गोप्य कागजातहरू लक्षित गरिएको थियो। सुनुवाइको क्रममा ईडीका तर्फबाट उपस्थित अतिरिक्त सोलिसिटर जनरल एसवी राजूले अदालतलाई भन्नुभयो, मनी लाउन्ड्रिंग अनुसन्धानको सम्बन्धमा गरिएको छापामारीको क्रममा दुई ठाउँबाट कुनै कागजात जफत गरिएको थिएन। उहाँले अधिकारीहरूले संकलन गर्न खोजेको कागजात मुख्यमन्त्री ममता बनर्जीले आफूसँगै लगेको पनि तर्क गर्नुभयो।

अतिरिक्त सोलिसिटर जनरलले अदालतलाई आफ्नो बयान रेकर्ड गर्न अनुरोध गरेपछि न्यायाधीश सुव्रत घोषले ईडीको पक्ष स्वीकार गर्दै टीएमसीको याचिका खारेज गर्नुभएको हो।

**पश्चिम बंगाल - निपाह**

पश्चिम बंगालको स्वास्थ्य विभाग अनुसार  निपाह भाइरसबाट संक्रमित दुई जनाको अवस्थामा खासै सुधार आएको छैन। सतर्कताका लागि सङ्क्रमितको सम्पर्कमा रहेका थप दुई जनालाई निगरानीका लागि बेलेघाटा आइडी अस्पतालमा भर्ना गरिएको छ। बारासातको एक निजी अस्पतालमा अहिले दुई नर्सको उपचार भइरहेको छ।
स्वास्थ्य विभागले १२१ व्यक्तिहरूलाई पहिचान गरेको छ जसलाई उच्च जोखिम वा कम जोखिम सम्पर्कको रूपमा वर्गीकृत गरिएको छ। राज्य सरकारले स्थितिलाई नजिकबाट नियालिरहेको छ र व्यापक नियन्त्रणका उपायहरू लागू गरेको छ, जबकि एक केन्द्रीय विशेषज्ञ टोली पनि सहयोग प्रदान गर्न स्थलमा छ।

**आरजी कर मेडिकल**

आरजी कर मेडिकल कलेज र अस्पतालमा गम्भीर चिकित्सकीय लापरवाहीको आरोप फेरि सतहमा आएको छ । मंगलबार राति एक वृद्धाको उपचारका क्रममा मृत्यु भएपछि अस्पताल परिसरमा प्रदर्शन भएको थियो । मृतकका परिवारले आरोप लगाए अनुसार मृतक महिलालाई सासको समस्याका  कारण मंगलबार राति आठ बजे आरजी कर अस्पतालको ट्रमा केयर युनिटमा भर्ना गरिएको थियो, तर उनको लामो समयसम्म उपचार भएन।

त्यस बखत ट्रमा युनिटमा एक जना मात्र डाक्टर उपस्थित थिए अनि उनले बिरामीलाई भेट्न नमानेको परिवार पक्षको आरोप छ। आरोप यो पनि छ कि महिलाको अवस्था निकै गम्भीर भए पनि करिब ४० देखि ४५  मिनेटसम्म कुनै पनि डाक्टर उपचारका लागि अगाडि आएनन् । यस समयमा बिरामीको अवस्था बिग्रँदै गयो।

घटनापछि मृतकका परिवार र स्थानीयले ट्रमा केयर युनिट अगाडि धर्नामा बसेर अस्पतालको सुरक्षा व्यवस्था र स्वास्थ्य सेवामाथि गम्भीर प्रश्न उठाएका छन् ।

**अनित थापा विज्ञप्ति**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले एक बिज्ञप्ति जारी गर्दै श्रम मन्त्रीलाई 58 वर्ष भन्दा माथिका चिया बगान श्रमिकहरूलाई पेन्सन लाभको अनुरोध गर्दै पत्राचार गरेको जानकारी गराउनु भएको छ। पत्र मार्फत उहाँले चिया उद्योगमा जीवन समर्पित गरेका, प्रायः चुनौतीपूर्ण अवस्थामा काम गरेका बगान श्रमिकहरूलाई पेन्सन लाभ विस्तार गर्ने अनुरोध गर्नु भएको छ। बिज्ञप्तिमा उहाँले धेरै श्रमिकहरूले दशकौंसम्म चिया उद्योगको वृद्धि र समृद्धिमा योगदान गरेका , तर वृद्धावस्थामा उनीहरू कुनै सुरक्षाघेरा बिना नै छोडिने गरेको उल्लेख गर्नु भएको छ। जीटीए सभाका डेपुटी च्यरम्यान राजेश चौहानले श्रम मन्त्रीलाई भेट गरी अनुरोध पत्र चढाएका थिए। मन्त्रीले सकारात्मक विचार राखेको राजेश चौहानले बताएका छन्।

**दार्जिलिङ सिक्किम एकीकरण मञ्च**

दार्जिलिङ सिक्किम एकीकरण मञ्चका सदस्यहरूले हिजो गोर्खा दुःख निवारण पुस्तकालय हलमा आफ्नो १७औं स्थापना दिवस पालन गरे।

उनीहरूले दार्जिलिङ/सिक्किम विलय नै भारतीय गोर्खाहरूका लागि एक मात्र संवैधानिक समाधान भएको बताए। यसबाहेक उनीहरूले एकताको एजेन्डाका लागि युवाहरूलाई एकसाथ ल्याउने काम गरिरहेका जानकारी दिए। ७० को दशकको उत्तरार्धमा दार्जिलिङ/सिक्किम मर्जर लोकप्रिय थियो र सार्वजनिक स्वीकृति पाएको थियो तर पछि गोर्खाल्याण्ड आन्दोलनले यसलाई दबाइ दिएको पनि मंचका महासचिव शंकर हांग सुब्बाले बताए।

**अखिल भारतीय नेवार सङ्गठनको सभा**

अखिल भारतीय नेवार सङ्गठन रोहिणी शाखाको स्थापना दिवस साथै शाखा कमिटी गठन कार्यक्रम खरसाङको रोहिणीस्थित लोवर चिसोपानी सार्वजनिक भवनमा सम्पन्न भएको छ। उक्त कार्यक्रम भाजु रोशन प्रधानको अध्यक्षता र खरसाङ आञ्चलिक कमिटीको अध्यक्ष प्रकाश प्रधानको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। कार्यक्रममा नेवारी नृत्यहरू प्रदर्शन गरियो भने रोहिणी नेवार परिवारजनका नानीहरू जसले उच्च शिक्षा हाँसिल गर्न सफल भएकाहरूलाई सम्मान गरियो यसको साथै अखिल भारतीय नेवार संगठन खरसाङ आञ्चलिक समितिको सचिव भाजु सुबास प्रधानद्वारा सङ्गठन विषय लिएर एवं जनजाति हुनु किन आवश्यक छ भन्ने विषयमा प्रकाश पारेका थिए।

**शहीद कप**

खर्साङमा अगामी १८ जनवरी, आइतबार देखि प्रतिष्ठित खर्साङ शहीद स्वर्ण कप प्रतियोगिता शुरू हुने भएको छ। खर्साङ महकुमा खेलकुद संघ एवं युवा अनि खेलकुद मामिला बिभाग, जिटिएको विशेष सहयोगमा शुरु हुने यस तेह्रौ शहिद Gold Cup मा जम्मा १२ वटा स्थानिय सहित राष्ट्रिय स्तरका दलहरूले भाग लिई रहेका छन्। प्रतियोगिताको विजेतालाई आकर्षक शहिद कपको साथ नगद २ लाख रुपियाँ अनि उप बिजेता दललाई १ लाख प्रदान गरिनेछ। यो प्रतिष्ठित प्रतियोगिता यहाँको चानमारी आर्मी खेल मैदानमा सम्पन्न हुनेछ। खर्साङ महकुमा खेलकुद संघले प्रतियोगितालाई लिएर तयारी पूरा गरी सकेको संस्थाका उपाध्यक्ष फूर्वा घिसिङले जानकारी दिए।

****** ० ******